# प्रदेश सभा

# अर्थ विकास तथा प्राकृतिक स्रोत समिति

सुदूरपश्चिम प्रदेश धनगढी, कैलाली

**वैठक संख्या :- २४**

मिति २०८०।१०।२५

## छलफल तथा निर्णय

निर्णयहरु :

१. समितिको आज बसेको बैठकमा सामाजिक सञ्जाल तथा समाचार माध्यमहरुमा आएको चालु आ.व.मा ६१ करोड रकम विनियोजन गरेर धनगढी उपमहानगरपालिकाका विभिन्न १९ वटा योजनाहरु बहुवर्षिय योजनाका रुपमा ठेक्का लागेका भन्ने व्यहोराको समाचार, भौतिक पुर्वाधार विकास अन्तर्गत बजेटको श्रोत सुनिश्चितता भएको विवरणका सम्बन्धमा आर्थिक मामीला मन्त्रालयका सचिव श्री अरुण पोखरेलको उपस्थितिमा प्रक्रिया र कार्यविधिगत रुपमा विस्तृत छलफल भयो ।

२. समितिको कार्यक्षेत्रभित्रका मन्त्रालयहरुलाई सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १६८ को उपनियम (१) मा उल्लेख भएको "**सभाद्वारा प्रत्यायोजित अधिकार बमोजिम बनाइएका नियम, विनियम तथा जारी गरिएका आदेश वा सूचनाहरू प्रदेश राजपत्रमा प्रकाशन गरी त्यस्तो नियम, विनियम, आदेश वा सूचनाको आवश्यक प्रति सम्बन्धित मन्त्रीले सचिवालयलाई उपलब्ध गराउनु पर्नेछ । त्यस्ता नियम, विनियम, आदेश वा सूचनाको बारेमा सम्बन्धित समितिले जाँचबुझ र अध्ययन गरी सभामा प्रतिवेदन पेश गर्न सक्नेछ।**" भन्ने कानुनी व्यवस्था शिघ्रातिशिघ्र कार्यान्वयन गर्न/गराउन निर्देशन दिने निर्णय गरियो ।

३. अर्को सुचना नभएसम्मका लागि आजको बैठक स्थगित भयो ।